# सातौ राष्ट्रिय महाधिवेशन निर्वाचन समिति

## ध्यानआकर्षण

एनआरएनए एनसीसी कतार २०१७-१९ कार्यकालका पंजिकृत सदस्य ज्यूहरु,

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको आगामी कार्यकाल २०१७-२०१९को लागि नेतृत्व चयनको बिषयलाई लिएर सामाजिक संजालमा आएका अभिव्यक्तिहरु प्रति निर्वाचन समितिको ध्यान आकर्षण भएको छ।
नेपाली मुश्लिम समाज कतार कतारद्धारा यहि १ सेप्टेम्बर एनआरएनएको नेतृत्व चयन गर्ने दिन ईद अल अधा पर्ने भएकोले १ दिन सार्नको लागि गरिएको अनुरोधलाई "तिललाई पहाड बनाउने" भन्ने उक्ति जस्तै अतिरञ्जित गरी सामाजिक सद्भाव नै बिथोलिने गरी सामाजिक सञ्जालमा आएका अभिव्यक्तिहरु प्रति दुख तथा निन्दा व्यक्त गर्दछ।

हामी एनआरएनए एनसीसी कतार, निर्वाचन समिति र नेपाली मुश्लिम समाज कतारको सहमतिमा नै नेतृत्व चयन प्रकृया १ दिन पछि सार्न गरिएको निर्णय स्थान अभावका कारणले सम्भव नभए पछि ३० अगष्टमा २०१७ का दिन बसेको निर्वाचन समिति र मुश्लिम उम्मेदवारहरुको बैठक तथा नेपाल मुश्लिम समाज र निर्वाचन समितिको बीच भएको बैठकले नेतृत्व चयनको प्रकृया लाई सबैलाई अनुकुल समय मिलाउने र आवाश्यकता भएमा मुश्लिम पंजिकृत सदस्यहरुको लागि यातायातको प्रबन्ध समेत गरेर यहि १ सेप्टेम्बर २०१७ का दिन नै बिहान १० बजे देखि बेलुका ८ बजे सम्ममा सम्पन्न गर्ने र उक्त कार्यलाई सहज, सरल र पारदर्शि बनाउन सबैबाट सहयोग गर्ने गराउने प्रतिवद्धता सहित सहमति भएको कुरा सबैको लागि जानकारी गराउदछु।

कतारको नेपाली समाजलाई एक ढिक्का बनाई सबैको साझा संस्थाको यो प्रकृयालाई सार्थक बनाउन आ-आफ्नो ठाँउबाट पहल गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

उक्त दिन दुतावासमा प्रवेश गर्न निम्न बिषयहरुमा पूर्ण ध्यान दिन हुन सम्पूर्ण पंजिकृत सदस्यहरुमा अनुरोध गर्दछु।

१. सम्पूर्ण पंजिकृत सदस्यहरुले आफ्नो सक्कली कतारी आइ डि र त्यसको एक प्रति फोटो कपि समेत लिएर आउनु पर्नेछ। अन्यथा दुतावासमा प्रवेश गर्न दिइने छैन।
२. दुताबासको गेटमा मद्यपान मापन यन्त्र र धातु मापन यन्त्र सहित सुरक्षाकर्मी हुने भएकोले मदिरा सेवन गरेर र प्रवेश निषेध गरिएका सामाग्री लिएर आउने जो कोहि पंजिकृत सदस्यलाई दुतावास भित्र प्रवेश गर्न दिइने छैन।
३. नेतृत्व चयन प्रकृयामा सहभागि भइसके पछि पंजिकृत सदस्यहरुले दुतावास परिषर छोड्नु पर्ने छ।

सहयोग, समन्वय र समझदारीको लागि सबैमा धन्यवाद सहित,

कमलमणि गुरागाई
निर्वाचन समिति संयोजक,
सातौ राष्ट्रिय महाधिवेशन,
गैरआवासिय नेपाली संघ,
राष्ट्रिय समन्वय परिषद, कतार।
३१ अगष्ट २०१७